# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ९ मिति २०८१।०७।०७

भाग–२

# प्रसौनी गाउँपालिकाको आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०८१

स्वीकृत मितिः २०८१।०७।०७

# विषयसूची


| विषय | पाना नं |
|---|---|
| प्रस्तावना | १ |
| **परिच्छेद—१— प्रारम्भिक** | **१** |
| परिभाषा | १ |
| **परिच्छेद—२— स्थानीय तहको आन्तरिक लेखापरीक्षकको आचारसंहिता** | **३** |
| आन्तरिक लेखापरीक्षकले पालना गर्नुपर्ने आचरणहरू | ३ |
| **परिच्छेद —३— आचारसंहिता अनुगमन** | **८** |
| आचरसंहिता अनुगमन सम्बन्धी ब्यवस्था | ८ |
| आचारसंहिता अनुगमन समितिको काम, कर्तब्य र अधिकार | ८ |
| आचरण बिपरितको कार्य नमानिने | ९ |
| **परिच्छेद —४— आन्तरिक लेखापरीक्षण आचारसंहिता परिपालना सम्बन्धी ब्यवस्था** | **१०** |
| आचारसंहिता परिपालना प्रति सम्बन्धित स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको जिम्मेवारी | १० |
| संशोधन गर्न सकिने | १० |
| **अनुसूचिहरु** | **११** |
| अनुसूचि १ आन्तरिक लेखापरीक्षकको आचार संहिता परिपालना, जिम्मेवारी तथा अनुगमन | ११ |
| अनुसूचि २ स्वतन्त्र आन्तरिक लेखापरीक्षण कार्यमा उत्पन्न हुनसक्ने जोखिम | २१ |
| अनुसुची ३ आचार संहिताको घोषणाापत्र | २२ |
| अनुसूची ४ स्वार्थ सम्बन्धी स्वघोषणा | २३ |
| अनुसूची ५ गोपनीयतको स्वघोषणा | २४ |

# प्रसौनी गाउँपालिकाको आन्तरिक लेखापरीक्षकको आचारसंहिता २०८१

## प्रस्तावना

स्थानीय तहको आन्तरिक लेखापरीक्षण गर्न तोकिएका शाखाका कर्मचारीको आचरणलाई निष्पक्ष, मर्यादित, अनुशासित र सदाचारी बनाई लेखापरीक्षण कार्यलाई स्वतन्त्र, वस्तुनिष्ठ, व्यावसायिक एवम् प्रभावकारी बनाउन आवश्यक भएकोले सम्बन्धित स्थानीय तहको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था बमोजिम यो आचारसंहिता बनाइएको छ ।

**परिच्छेद—१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचारसंहिताको नाम "स्थानीय तहको आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०८१" रहेको छ ।

२) यो निर्देशिका प्रसौनी गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भए अनुसार २०८१।०७।०७ गते देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा–

(क) **"आचारसंहिता"** भन्नाले स्थानीय तहको आन्तरिक लेखापरीक्षकले पालना गर्नुपर्ने "प्रसौनी गाउँपालिकाको आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०८१" लाई जनाउँछ ।

(ख) **"आन्तरिक लेखापरीक्षक"** भन्नाले सम्बन्धित स्थानीय तहले आफ्नो उद्देश्य अनुरूपका कार्य सम्पादनसँग सम्बन्धित कानून, व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोबार र सो सँग सम्बन्धित कागजात एवम् प्रक्रियाको जाँच, परीक्षण र विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्याङ्कन गरी प्रतिवेदन गर्न स्थानीय तहमा रहेका आन्तरिक लेखापरीक्षण इकाई/शाखाका कर्मचारीहरू सम्झनुपर्छ ।

(ग) **"गोपनीयता"** भन्नाले लेखापरीक्षकले लेखापरीक्षणका सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना वा तथ्यहरूको गोपनीयता कायम राख्ने तथा संरक्षण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(घ) **"वस्तुनिष्ठता"** भन्नाले वैयक्तिक अनुभूति, विचार, आग्रह, पूर्वाग्रहबाट प्रभावित नभई, स्वार्थ नबाझिने गरी प्रमाणित गर्न सकिने तथ्यहरूको आधारमा कार्यसम्पादन गरिने आचरणगत मूल्यलाई सम्झनु पर्दछ ।

(ङ) **"व्यावसायिक आचरण"** भन्नाले आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणको क्रममा लेखापरीक्षण कार्यलाई सम्मान गर्दै प्रचलित कानूनको पालना गर्नुपर्ने कार्यलाई सम्झनु पर्दछ ।

(च) **"सदाचारिता"** भन्नाले बाहिरी प्रभाव वा दबावबाट विचलित नभई प्रचलित कानून, व्यवसायिक तथा सामाजिक मूल्यको पालनामा इमानदारिताकासाथ अडिग रहने कार्यलाई सम्झनु पर्दछ ।

(छ) **"सक्षमता"** भन्नाले लेखापरीक्षण कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप, क्षमता र अनुभव भएको अवस्थालाई सम्झनु पर्दछ ।

(ज) **"स्वतन्त्रता"** भन्नाले लेखापरीक्षण गर्ने सन्दर्भमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै दबाव वा प्रभावमा नपरी व्यावसायिक जिम्मेवारी पूरा गर्न सक्ने अवस्थाको व्यक्तिगत एवम् सांगठनिक स्वन्त्रन्ततालाई सम्झनु पर्दछ ।

(झ) **"समिति"** भन्नाले यस आचारसंहिताको परिपालना, मूल्यकन तथा अनुगमन गर्न गठित समिति सम्झनु पर्दछ ।

(ञ) **"जोखिम"** भन्नाले आन्तरिक लेखापरीक्षणको आधारभूत मूल्य, मान्यता र सिद्धान्तको परिपालना नहुने अवस्थालाई जनाउँदछ ।

(ट) **"आन्तरिक लेखापरीक्षण"** भन्नाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को दफा ७६ बमोजिम स्थानीय तहको तोकिएको शाखा वा कर्मचारीबाट हुने लेखापरीक्षण र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७(२) बमोजिम गरिने कार्यलाई समेत सम्झनु पर्दछ ।

(ठ) **"स्थानीय तह"** भन्नाले प्रसौनी गाउँपालिका सम्झनु पर्दछ ।

३. **आचारसंहिता पालना गर्नुपर्नेः** (१) यो आचारसंहिताको पालना स्थानीय तहको आन्तरिक लेखापरीक्षण कार्यमा संलग्न हुने सबै आन्तरिक लेखापरीक्षकले गर्नु पर्नेछ ।

## परिच्छेद—२

## स्थानीय तहको आन्तरिक लेखापरीक्षकको आचारसंहिता

४. **आन्तरिक लेखापरीक्षकले पालना गर्नुपर्ने आचरणहरूः** (१) आन्तरिक लेखापरीक्षकले स्थानीय तहका आम नागरिक लगायत सरोकारवालाको अपेक्षा अनुरूप लेखापरीक्षण सम्पन्न गर्न आवश्यक आचरण तथा व्यवहारहरू पालना गरी आन्तरिक लेखापरीक्षण कार्यको गुणस्तरीयता र विश्वसनीयता अभिवृद्धिमा गर्नुपर्ने हुन्छ। आन्तरिक लेखापरीक्षकलाई विभिन्न प्रकारका क्रियाकलाप, तथ्य तथा परिस्थितिबाट हुन सक्ने जोखिमहरूको पहिचान र विश्लेषण गरी लेखापरीक्षणको आधारभूत मूल्य, मान्यता र सिद्धान्तको परिपालनाको सुनिश्चिततासहित सम्बोधनका लागि उपयुक्त आचरणहरू पालना गर्न आवश्यक रहन्छ। सम्भावित जोखिमको उचित सम्बोधन नहुँदा समग्र लेखापरीक्षण कार्य प्रभावित हुन सक्दछ। *(जोखिम सम्बन्धमा अनुसूची २ मा उल्लेख गरिएको छ।)*

(२) स्थानीय तहका आन्तरिक लेखापरीक्षकले निजामती कर्मचारी तथा राष्ट्रसेवकहरूले पालना गर्नुपर्ने प्रचलित कानुनमा उल्लिखित आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्नुका साथै देहाय अनुसारका आचरणहरूको पालना गर्नु पर्नेछ।

**(क) सदाचारिता**

सदाचारिता अन्तर्गत स्थानीय तहको आन्तरिक लेखापरीक्षकले कायम गर्नुपर्ने आचरणहरू निम्न बमोजिम रहेका छन् ।

१. आन्तरिक लेखापरीक्षण कार्यप्रति इमानदार भई स्वार्थगत विचारबाट मुक्त भएर सार्वजनिक हितमा हुने गरी लेखापरीक्षण कार्यको विश्वसनीयता कायम गर्नुपर्दछ ।

२. सार्वजनिक हितलाई ध्यान दिएर लेखापरीक्षण कार्यप्रति निष्ठा प्रकट गर्नुपर्दछ ।

३. आन्तरिक लेखापरीक्षक जानी बुझी कुनै गैरकानूनी क्रियाकलापमा संलग्न हुन नहुने र सम्बन्धित स्थानीय तहको अहित हुने कुनै पनि काममा संलग्न हुनुहुँदैन ।

४ अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर स्वदेश तथा वैदेशिक भ्रमण, तालिम, कार्यशाला वा गोष्ठीमा भाग लिने, कुनैपनि निकायसँग सहयोग माग्ने तथा सो प्रयोजन सहित पत्राचार गर्नुहुँदैन ।

५. आन्तरिक लेखापरीक्षण गरिने स्थानीय तह वा उक्त स्थानीय तहमा कार्यरत कुनै पदाधिकारी तथा कर्मचारीबाट कुनै पनि किसिमको उपहार, दान, दातव्य र गैरकानूनी लाभ लिनु हुँदैन ।

६. आफूले लेखापरीक्षण गर्ने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूसँग आन्तरिक लेखापरीक्षणको सिलसिलामा कार्यस्थलभन्दा बाहिर अनावश्यक भेटघाट र निकटता कायम गर्नुहुँदैन ।

७. आफूले लेखापरीक्षण गर्ने स्थानीय तहको लेखापरीक्षण सम्बन्धी कार्यबाहेक अन्य कामसँग सम्बन्धित विषयको प्रतिनिधि भई कार्य गर्न र सो स्थानीयतहसँग ठेक्कापट्टा, लाइसेन्स लिने जस्ता कार्यमा संलग्न हुनु हुँदैन ।

**(ख) वस्तुनिष्ठता**

वस्तुनिष्ठता अन्तर्गत स्थानीय तहको आन्तरिक लेखापरीक्षकले कायम गर्नुपर्ने आचरणहरू निम्न बमोजिम रहेका छन् ।

१. स्थानीय तहको आन्तरिक लेखापरीक्षणका प्रतिवेदन तयार गर्दा वा प्रतिवेदनमा कुनै कैफियत वा बेरुजू उल्लेख गर्दा बस्तुनिष्ठ र तथ्यगत आधारमा कारण र औचित्य समेत खुलाउनु पर्दछ ।

२. निष्पक्ष मूल्याङ्कनमा ह्रास आउने वा आउन सक्ने अवस्था सिर्जना गर्ने कुनै पनि गतिविधि वा कार्यमा संलग्न हुनुहुँदैन ।

३. लेखापरीक्षणको प्रतिवेदन दिने कार्यमा प्रतिकूल असर पार्न सक्ने आन्तरिक र बाह्य दबावबाट मुक्त रहनुपर्छ ।

४. आन्तरिक लेखापरीक्षकले स्थानीय तहलाई कुनै सल्लाह वा सुझाव दिँदा स्वार्थ नबाझिने गरी सल्लाह, सुझाव दिनुपर्दछ ।

५. लेखापरीक्षणका क्रममा पत्ता लागेका तथ्य तथा जानकारी सारभूत रहेमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा खुलासा गर्नुपर्दछ ।

**(ग) गोपनीयता**

गोपनीयता अन्तर्गत स्थानीय तहको आन्तरिक लेखापरीक्षकले कायम गर्नुपर्ने आचरणहरू निम्न बमोजिम रहेका छन् ।

१. आन्तरिक लेखापरीक्षकले स्थानीय तहको लेखापरीक्षणका सिलसिलामा जानकारीमा आएको कुनै सूचना वा तथ्य लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रूपमा कसैलाई उपलब्ध गराउनु हुँदैन तर प्रचलित कानूनले तोके बमोजिम खुलासा गर्नुपर्ने विषय खुलासा गर्न बाधा पर्नेछैन ।

२. आफ्नो कर्तव्यपालनको सिलसिलामा प्राप्त गरेको वा जानकारीमा आएको सूचनाको सावधानी पूर्वक प्रयोग गर्ने र त्यस्तो सूचनाको संरक्षण समेत गर्नुपर्नेछ ।

३. कानून विपरीत र स्थानीय तहको वैधानिक एवम् नैतिक उद्देश्यलाई हानी पुर्याउने गरी व्यक्तिगत फाईदा एंवम् अन्य प्रयोजनका लागि सूचनाको प्रयोग गर्नुहुँदैन ।

४. आन्तरिक लेखापरीक्षकको जानकारीमा आएका कुनै कुरा समावेश नगर्दा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले यथार्थ चित्रण गर्न नसक्ने अवस्था रहेमा उक्त विषयहरूलाई प्रष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।

५. आन्तरिक लेखापरीक्षकले प्रयोग गर्ने ल्यापटप, कम्पुटर जस्ता बिद्युतिय उपकरणको उचित पासवर्डद्वारा सुरक्षित गर्नु पर्दछ ।

६. आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणका क्रममा उपलब्ध भएका जानकारी तथा कागजातहरू आफ्नो परिवार, नातेदार र अन्य व्यक्तिको स्वार्थका लागि प्रयोग गर्नुहुँदैन ।

**(घ) सक्षमता**

सक्षमता अन्तर्गत स्थानीय तहको आन्तरिक लेखापरीक्षकले कायम गर्नुपर्ने आचरणहरू निम्न बमोजिम रहेका छन् ।

१. आफ्नो कार्यगत दक्षता, सेवाको प्रभावकारिता र गुणस्तरलाई निरन्तर अभिवृद्धि गर्न प्रयत्नशील रहनु पर्दछ ।
२. आन्तरिक लेखापरीक्षकले स्थानीय तहको कार्यसम्पादनसँग सम्बन्धित कानूनी व्यवस्था, सिद्धान्त तथा मानदण्डहरूको ज्ञान हासिल गरेको हुनुपर्दछ ।
३. स्थानीय तहको बजेट, लेखा, लेखापरीक्षणका प्रचलित कानून, मानदण्ड, नीति, कार्यविधि तथा आन्तरिक नियन्त्रण प्रणालीबारे आन्तरिक लेखापरीक्षक अद्यावधिक हुनुपर्दछ ।

४. आन्तरिक लेखापरीक्षण कार्य कुशलतापूर्वक सम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप र व्यक्तिगत गुण समय सापेक्ष अद्यावधिक रूपमा कायम राख्नु पर्दछ जसको लागि स्थानीय तहका आन्तरिक लेखापरीक्षकले को.ले.नि.का., म.ले.प.का. का कर्मचारीहरु सँग, त्यस्तै अन्य स्थानीय तहका आन्तरिक लेखापरीक्षक सँग एक आपसमा अनुभवको आदान प्रदान गर्नुपर्दछ ।

५. लेखापरीक्षणमा प्रमाणको सङ्कलन, विश्लेषण, मूल्याङ्कन तथा लेखापरीक्षण सहितको प्रतिवेदन दिँदा कार्यगत सतर्कता अपनाउनुपर्दछ ।

**(ङ) स्वतन्त्रता**

स्वतन्त्रता अन्तर्गत स्थानीय तहको आन्तरिक लेखापरीक्षकले कायम गर्नुपर्ने आचरणहरू निम्न बमोजिम रहेका छन् ।

१. आन्तरिक लेखापरीक्षण गरिने स्थानीय तह सोसँग चासो राख्ने बाह्य समूहबाट आन्तरिक लेखापरीक्षक स्वतन्त्र रही वस्तुपरक ढङ्गले प्रस्तुत हुनुपर्दछ ।

२. आन्तरिक लेखापरीक्षकले कार्य सम्पादन गर्दा सरोकारवालाको विश्वास कायम गरी निष्पक्ष ढङ्गले गर्नुपर्दछ। साथै उसले सम्पादन गरेका हरेक कार्यका नतिजाहरू यथेष्ट तथा उचित प्रमाणबाट पुष्टी हुनुपर्दछ ।

३. आन्तरिक लेखापरीक्षकले आफ्नो स्वन्त्रतामाथि प्रश्न खडा हुन सक्ने अवस्थाको सिर्जना हुन नदिने तर्फ सचेत रहनुपर्दछ ।

४. आन्तरिक लेखापरीक्षण गर्दा कुनै व्यक्ति, समूह, सङ्गठन वा कुनै खास कार्यक्रमको उद्देश्यका सम्बन्धमा पूर्वाग्रह हुन जाने खालका क्रियाकलापबाट आन्तरिक लेखापरीक्षकले तटस्थ रहनुपर्दछ ।

५. आन्तरिक लेखापरीक्षण गरिने स्थानीय तहसँग प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा स्वार्थ गाँसिएको विषयले आन्तरिक लेखापरीक्षकको कार्यगत स्वतन्त्रता असर पर्नजाने हुँदा त्यस्तो कुनै पनि कार्यमा संलग्न हुनुहुँदैन ।

६. कुनै प्रकारको दबाव, पक्षपात, पूर्वाग्रह, मोलाहिजा, रिस, राग, द्वेष नराखी निष्पक्ष र सौहार्दपूर्ण रूपले आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण कार्य सम्पन्न गर्नुपर्दछ ।

**(च) व्यावसायिक आचरण**

व्यावसायिक आचारण अन्तर्गत स्थानीय तहको आन्तरिक लेखापरीक्षकले कायम गर्नुपर्ने आचरणहरू निम्न बमोजिम रहेका छन् ।

१. सरोकारवालाको दृष्टिमा आन्तरिक लेखापरीक्षकले आफ्नो आचरणमा प्रश्न नउठ्ने गरी व्यवहार, सीप र क्षमताको प्रयोग गर्नुपर्दछ ।

२. लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोगीको रूपमा लेखापरीक्षण कार्यमा इमानदारिता, निष्पक्षता तथा मैत्रीपूर्ण सेवा भावको प्रदर्शन गर्नुपर्दछ ।

३. पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सरकारी प्रतीक चिन्ह, छाप पासवर्ड विषयहरू सुरक्षित राख्नुपर्दछ ।

४. कुनैपनि तथ्य वा तथ्याङ्कलाई जानी बुझी गलत वा भ्रामक अर्थ दिने गरी व्याख्या, व्यक्त वा प्रयोग गर्नु हुँदैन ।

५. आफूलाई व्यक्तिगत फाईदा पुर्याउने वा अरूलाई बदनाम गर्ने वा अनावश्यक रूपमा आक्षेप लाउने, आघात पूर्याउने, बेइज्जती तथा चरित्रहत्या गर्ने जस्ता कार्यमा संलग्न हुनु हुँदैन ।

६. कर्तव्य पालनाको सिलसिलामा आइपरेका समस्याहरूको समाधान हुन नसकेमा तत्कालै समिति समक्ष पेश गर्नु पर्नेछ ।

७. लेखापरीक्षकले लेखापरीक्षण योजना अनुसार तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ । आफूलाई प्राप्त जिम्मेवारी अरूलाई पन्छाउन तथा आफूलाई नभएको अधिकार प्रयोग गर्नुहुँदैन ।

८. लेखापरीक्षण सम्बन्धी मूल्य मान्यताको अनुसरण गर्दै राजनीतिक रूपमा तटस्थ ढङ्गले लेखापरीक्षण कार्य सम्पन्न गर्नुपर्दछ ।

९. सामाजिक सञ्जालको प्रयोग गर्दा मर्यादित तरिकाले मात्र गर्नुपर्दछ ।

१०.आन्तरिक लेखापरीक्षणको सम्बन्धमा सरोकारवाला निकायले जारी गरेका निर्देशिका, परिपत्रको परिपालना र सोही अनुसार आफ्नो कर्तव्यको परिपालनामा प्रतिबद्ध रहनुपर्दछ ।

११.लेखापरीक्षण गरिने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत (लेखा उत्तरदायी अधिकारी) तथा पदाधिकारी नातेदार रहेमा र आफैले राखेको स्रेस्ता लेखापरीक्षण गर्नुपर्दा स्वतन्त्रता कायम के कसरी गरेको उल्लेख गरी स्वतन्त्रताको स्व घोषणा समेत समितिलाई दिनुपर्दछ । (स्व घोषणा सम्बन्धी ढाँचा अनुसूची ३, ४ र ५ मा दिइएको छ)

## परिच्छेद –३

## आचारसंहिता अनुगमन

**५. आचारसंहिता अनुगमन सम्बन्धी ब्यवस्थाः** (१) स्थानीय तहको आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण गर्दा पालना गनुपर्ने आचरणहरूको पालना भए, नभएको सम्वन्धमा नियमित र निरन्तर सुपरिवेक्षण गर्ने दायित्व आचारसंहिता अनुगमन समितिको हुनेछ । उक्त समितिको गठन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ बमोजिम गर्नुपर्दछ ।

(२) अनुगमन कार्यलाई प्रभावकारी बनाउन आचारसंहिता पालना सम्बन्धी प्राप्त गुनासो उपर सुनुवाइ गर्न देहाय बमोजिम अनुगमन समिति रहनेछ ।

(क) सभाबाट तोकिएको स्थानीय तहको प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्ष वाहेक अन्य सदस्य मध्येबाट छानेको एक जना– संयोजक

(ख) स्थानीय तहको सार्वजनिक लेखा समितिबाट तोकिएको एक जना सदस्य – सदस्य

(ग) स्थानीय तहको प्रशासन शाखाको अधिकृत – सदस्य सचिव

(३) अनुगमन समितिका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ । यस समितिका सदस्यहरू लगातार दुई कार्यकाल भन्दा बढीका कार्यकालका लागि सदस्य रहन सक्ने छैनन् ।

(४) पदाधिकारीहरूको कार्यकाल समाप्त भएको अवस्थामा यस समितिको पदावधि स्वतः समाप्त भएको मानिनेछ ।

**६. आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार** (१) आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आचारसंहिताको पालना गरे नगरेको सम्बन्धमा अनुगमन तथा नियमन गर्ने ।

(ख) आचारसंहिता पालना गराउन आवश्यकता अनुसार तालिम तथा अन्तरक्रिया गर्ने ।

(ग) अनुगमनको क्रममा आचार संहिताको उल्लङ्घन गरेको पाईएमा सुधारको लागि निर्देशन दिने ।

(घ) आचारसंहिता पालना सम्बन्धी गुनासो सम्बन्धमा छानबिन गरी सुधारको लागि निर्देशन दिने ।

(ङ) आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको पाईएमा कारण सहित कारबाहीका लागि कार्यपालिका बैठक समक्ष पेश गर्ने ।

(२) अनुगमन तथा छानबिन गर्ने प्रयोजनका लागि समितिले आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण गरेका कागजात, विवरण, सूचना माग गर्न सक्नेछ । यसरी माग भएका सूचना, विवरण कागजातहरू समितिलाई बुझाउने सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) समितिले अनुगमन तथा छानबिन कार्य गर्न आवश्यक प्रक्रिया आफैंले निर्धारण गर्न सक्नेछ ।

(४) अनुगमन तथा छानबिनका क्रममा आचारसंहिताको उलङ्घन गरेको पाईएमा अन्तिम कारबाहीको टुंगो नलागुन्जेलसम्म निजलाई स्थानीय तहको कुनैपनि कार्यमा खटाउनु हुँदैन ।

(५) समितिले आचारसंहिताको पालनाको सम्बन्धमा अनुगमन तथा छानबिन गरी सम्बन्धित स्थानीय तहको कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्नुपर्ने छ ।

७. **आचरण विपरीतको कार्य नमानिने:** प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमको कार्यलाई आन्तरिक लेखापरीक्षणको आचरण विपरीतको कार्य मानिने छैन ।

(क) आफ्नो विशेषज्ञताको विषयमा लिखित वा मौखिक परामर्श वा प्रवचन दिने वा अध्ययन अनुसन्धान गर्ने र अधिकारप्राप्त अधिकारीको स्वीकृत लिई अध्यापन कार्य गर्ने,

(ख) कार्यालयको काम कारबाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी पेशागत एवम् सामाजिक संस्थाहरुमा सदस्य हुन र त्यस्तो मञ्चहरूमा सहभागी हुने,

(ग) सरकारी नीति, उद्देश्य तथा कामकारबाही तथा यस आचारसंहितामा उल्लेखित विषयमा प्रतिकूल असर नपर्ने गरी लेख, रचना प्रकाशित गर्न,

(घ) सरकारी काम वा आफ्नो विशेषज्ञता हासिल गर्ने प्रयोजनको लागि सामाजिक सञ्जालको प्रयोग गर्न ।

## परिच्छेद —४

## आन्तरिक लेखापरीक्षण आचारसंहिता परिपालना सम्बन्धी व्यवस्था

**८. आचारसंहिता परिपालना प्रति सम्बन्धित स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको जिम्मेवारी**

स्थानीय तहमा आन्तरिक लेखापरीक्षकको आचारसंहिता परिपालना सुनिश्चित गर्नका निम्ती सम्बन्धित स्थानीय तहका कर्मचारी तथा पदाधिकारीको समेत भूमिका रहने हुँदा निम्न बमोजिम व्यवस्था गर्नुपर्ने हुन्छ ।

(क) आन्तरिक लेखापरीक्षकले माग गरेको कागजात, जानकारी उपलब्ध गराई लेखापरीक्षण कार्यलाई सहयोग गर्ने,

(ख) आन्तरिक लेखापरीक्षकलाई लेखापरीक्षण कार्य बाहेक अन्य कार्यमा नखटाउने,

(ग) स्थानीय तहको खरिद कार्य, नियुक्ति लगायतका प्रकृयाहरूमा आन्तरिक लेखापरीक्षकलाई समितिमा समावेश नगराउने,

(घ) आन्तरिक लेखापरीक्षकलाई कुनै पनि प्रकारको प्रभाव, डर, धम्की, प्रलोभन इत्यादि दिन नहुने,

(ङ) स्वतन्त्र आन्तरिक लेखापरीक्षण कार्यमा सहज हुने वातावरण तथा परिस्थितिको सिर्जना गराउने,

९. **आचारसंहिता परिपालनाः** स्थानीय तहका आन्तरिक लेखापरीक्षकले परिच्छेद २ अनुसारको आचारसंहिता परिपालना गर्दा पालना गर्ने जिम्मेवार कर्मचारी, तरिका र सो को अनुगमन **अनुसूची १** मा उल्लेख गरे अनुसार हुनेछ ।

१०. **संशोधन गर्न सकिनेः** यस आचारसंहितामा आवश्यकता अनुसार स्थानीय तहले सभा मार्फत संशोधन गर्न सक्नेछ ।

## अनुसूचीहरू

**अनुसूची १:** आन्तरिक लेखापरीक्षकको आचारसंहिता परिपालना, जिम्मेवारी तथा अनुगमन परिच्छेद ५ मा उल्लेख बमोजिमको आन्तरिक लेखापरीक्षकको आचारसंहिता परिपालना, जिम्मेवारी तथा अनुगमन निम्न बमोजिम हुनुपर्दछ ।

| क्र.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| १ | सदाचारिता | | | |
| १.१ | आन्तरिक लेखापरीक्षण पेशाप्रति इमानदार भई स्वार्थगत विचारबाट मुक्त भएर सार्वजनिक हितमा हुने गरी पेशागत विश्वसनीयता कायम गर्नुपर्दछ । | सम्बन्धित स्थानीय तहको आन्तरिक लेखापरीक्षकले । | लेखापरीक्षकले आफ्नो व्यवहार, संस्कार, सीप र कार्यमा निरन्तर सुधार गरेर । | सम्बन्धित मूल्यांकन समितिले स्व घोषणा लगायतका कागजात प्राप्त गरी, अनुगमन गरी । |
| १.२ | सार्वजनिक हितलाई ध्यान दिएर लेखापरीक्षण कार्यप्रति निष्ठा प्रकट गर्नुपर्दछ । | सम्बन्धित स्थानीय तहको आन्तरिक लेखापरीक्षकले । | आन्तरिक लेखापरीक्षकले ईमान्दारी र उचित तवरले कार्य गरी विश्वास कायम गरेर । | आन्तरिक लेखापरीक्षकबाट स्व घोषणा लिई, अनुगमन समितिले जाँच गर्ने । |
| १.३ | आन्तरिक लेखापरीक्षक जानीबुझी कुनै गैरकानूनी क्रियाकलापमा संलग्न हुन नहुने र सम्बन्धित स्थानीय तहको अहित हुने कुनै पनि काममा संलग्न हुनुहुँदैन । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षण कार्य बाहेक अन्य जोखिम निम्त्याउने कार्यमा संलग्न नभएर | समितिले आवधिक रुपमा आन्तरिक लेखापरीक्षकको संलग्नताको जाँच गर्ने । |
| १.४ | अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर स्वदेश तथा वैदेशिक भ्रमण, तालिम, कार्यशाला वा गोष्ठीमा भाग लीन जाने, कुनै पनि निकायसँग सहयोग माग्ने तथा सो प्रयोजन सहित पत्राचार गर्नुहुँदैन । | आन्तरिक लेखापरीक्षकले | नियमन व्यवस्थाको परिपालना गर्ने, प्रलोभनमा नपरी उच्च व्यावसायिक व्यवहार कायम गरेको घोषणा गर्ने । | समितिले अनुगमन गर्ने र स्व घोषणा सही रहेको विश्वास गर्न सकिने पर्याप्त प्रमाण रहे नरहेको यकिन गर्ने । |
| १.५ | आन्तरिक लेखापरीक्षण गरिने स्थानीय तह वा उक्त स्थानीय तहमा कार्यरत कुनै पदाधिकारी तथा कर्मचारीबाट कुनै पनि किसिमको उपहार, दान, दातव्य र गैरकानूनी लाभ लिनु हुँदैन । | आन्तरिक लेखापरीक्षकले | सम्बन्धित स्थानीयत तह, कर्मचारी र सेवा ग्राहीबाट कुनै किसिमको उपहार तथा कोसेली ग्रहण गरेको छैन र गर्ने छैन भनी स्व घोषणा गर्ने । | स्व घोषणा गरे नगरेको र स्व घोषणा यथार्थ रहे नरहेको सुपरिवेक्षकले अनुगमन गर्ने । |

| क्र.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| १.६ | आफूले लेखापरीक्षण गर्ने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुसँग आन्तरिक लेखापरीक्षणको सिलसिलामा कार्यस्थलभन्दा बाहिर अनावश्यक भेटघाट गर्नुहुँदैन । | आन्तरिक लेखापरीक्षकले | स्थानीय कर्मचारी तथा पदाधिकारिहरूमा निष्पक्ष व्यवहार गर्ने, कसैप्रति लगाव, झुकावको व्यवहार नगर्ने । | समितिले लेखापरीक्षण क्रममा मूल्यांकन गरी, गुनासो लगायत उजुरीको व्यवस्था गरी सो को अनुगमन गर्ने । |
| १.७ | आफूले लेखापरीक्षण गर्ने स्थानीयतहको लेखापरीक्षण विषय बाहेक अन्य कामसँग सम्बन्धित विषयको प्रतिनिधि भई कार्य गर्न र सो स्थानीय तहसँग ठेक्कापट्टा, लाइसेन्स लिने जस्ता कार्यमा संलग्न हुनुहुँदैन । | आन्तरिक लेखापरीक्षकले | त्यस्तो प्रतिनिधित्व नगरेको स्वघोषणा गर्ने । | स्व घोषणाको जाँच गरी अनुगमन गर्ने । |
| **२.** | **वस्तुनिष्ठता** | | | |
| २.१ | स्थानीय तहको आन्तरिक लेखापरीक्षणका प्रतिवेदन तयार गर्दा वा प्रतिवेदनमा कुनै कैफियत वा बेरुजू उल्लेख गर्दा वस्तुनिष्ठ र तथ्यगत आधारमा कारण र औचित्य समेत खुलाउनु पर्दछ । | आन्तरिक लेखापरीक्षकले | कैफियत जनाउनु पूर्व त्यस सम्बन्धी कागजात निर्णयको अध्ययन, विश्लेषण, सारभूतता निर्धारण गरी दस्तावेज गर्ने । | समितिले आन्तरिक लेखापरीक्षकले अपनाएको लेखापरीक्षण प्रकृया, कैफियतका सबुत लगायतका कागजात जाँच गर्ने । |
| २.२ | निष्पक्ष मूल्याङ्कनमा ह्रास आउने वा आउन सक्ने अवस्था सिर्जना गर्ने कुनै पनि गतिविधि वा कार्यमा संलग्न हुनु हुँदैन । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षकले स्थानीय तहको निर्णायक कार्यमा संलग्न नहुने, कार्यालय बाहिर समेत मर्यादीता व्यवहार कायम गर्ने, आफ्नो स्वार्थ बाझिने अवस्थामा समितिलाई त्यसको जानकारी दिने । | समितिले सम्बन्धित लेखापरीक्षक उपर उजुरी, गुनासो रहे यकिन गर्ने, स्व घोषणा गरेको अवस्थामा सो को समेत जाँच गर्ने । |
| २.३ | लेखापरीक्षणको प्रतिवेदन दिने कार्यमा प्रतिकूल असर पार्न सक्ने आन्तरिक र बाह्य दबावबाट मुक्त रहनुपर्छ । | आन्तरिक लेखापरीक्षकले | दबाव वा प्रभाव सम्बन्धी जानकारी समितिलाई दिने, दबाव सिर्जना गर्ने कार्य जस्तै, उपहार, चन्दा स्वीकार नगर्ने, प्रलोभनमा नपर्ने । | स्वार्थ बाझिने र दबाव सम्बन्धी जानकारी गरेको भए सो को समेत जाँच गर्ने । |

| क.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| २.४ | आन्तरिक लेखापरीक्षकले स्थानीय तहलाई कुनै सल्लाह वा सुझाव दिंदा स्वार्थ नबाझिने गरी सल्लाह, सुझाव दिनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | ईमान्दारिता र विश्वास कायम गर्ने, स्थानीय तहको उदेश्य हासिल गर्न सहयोग गर्ने क्षेत्रमा परामर्श गर्ने । | लेखापरीक्षकको सल्लाह तथा परामर्शको निष्पक्षता जाँच गर्ने, स्वार्थ बाझिए नबाझिएको यकिन गर्ने । |
| २.५ | लेखापरीक्षणका क्रममा पत्ता लागेका तथ्य तथा जानकारी सारभूत रहेमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा खुलासा गर्नुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण गर्ने, सारभूतता तह निर्धारण गरी सोही बमोजिम परीक्षण र प्रतिवेदन गर्ने । | सारभूतता तह निर्धारण पर्याप्त भए नभएको जाँच गर्ने , लेखापरीक्षण विधिबाट परीक्षण गर्दा पत्ता लागेका कैफियतको सम्बोधन नहुँदा प्रतिवेदनमा राखे नराखेको जाँच गर्ने । |
| **३** | **गोपनीयता** | | | |
| ३.१ | आन्तरिक लेखापरीक्षकले स्थानीय तहको लेखापरीक्षणका सिलसिलामा जानकारीमा आएको कुनै सूचना वा तथ्य लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रूपमा कसैलाई उपलब्ध गराउनु हुँदैन तर प्रचलित कानूनले तोके बमोजिम खुलासा गर्नुपर्ने विषय खुलासा गर्न बाधा पर्नेछैन । | आन्तरिक लेखापरीक्षकले | कानून बमोजिम खुलासा गर्नुपर्ने अवस्थामा बाहेक आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा प्राप्त सूचनाको खुलासा नगर्ने ।<br>लेखापरीक्षणको सिलसिलामा प्राप्त सूचनालाइं आधार बनाई लेख रचना वा अन्य कुनै किसिमको प्रकाशन नगर्ने । | लेखापरीक्षण गरेको स्थानीय तहको गोप्य सूचना प्रकाशन वा खुलासा गर्नु कानूनी आवश्यकता हो होइन, अधिकार प्राप्त अधिकारीबाट स्वीकृति लिएर मात्र खुलासा भएको हो होइन सुपरिवेक्षकले अनुगमन गर्ने । |
| ३.२ | आफ्नो कर्तव्य पालनाको सिलसिलामा प्राप्त गिरेको वा जानकारीमा आएको सूचनाको सावधानी पूर्वक प्रयोग गर्ने र त्यस्तो सूचनाको संरक्षण समेत गर्नुपर्नेछ । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षणका क्रममा उपलब्ध सूचना र कागजातको अरूको पहुँचमा नहुने गरी सुरक्षित गर्ने । | समितिले आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणका क्रममा उपलब्ध जानकारीको कायम गरेको सुरक्षा विधि तथा प्रकृया जाँच गर्ने । |

| क.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| | | | ल्यापटप तथा कम्पुटरको पासकोड द्वारा नियन्त्रण कायम गर्ने । आफ्नो आइडि को पासवर्ड अन्य कर्मचारीलाई उपलब्ध नगराउने । | |
| ३.३ | कानून विपरीत र स्थानीय तहको वैधानिक एवम् नैतिक उद्देश्यलाई हानी पुर्याउने गरी व्यक्तिगत फाइदा एवम् अन्य प्रयोजनका लागि सूचनाको प्रयोग गर्नुहुँदैन । | आन्तरिक लेखापरीक्षकले | उपलब्ध सूचना स्थानीय तहका कर्मचारी, परिवारका सदस्य तथा अन्य परिचित वा अपरिचित व्यक्तिलाई खुलासा नगर्ने तथा पहुँचमा रोक लगाउने । | आन्तरिक लेखापरीक्षकको सम्बद्ध व्यक्तिको कारोबार यकिन गरी जाँच गर्ने , गोपनीयता कायम गर्न गरेको प्रयासको समेत जाँच गर्ने । |
| ३.४ | आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा आफ्नो जानकारीमा आएका कुनै स्पष्ट रूपमा समावेश नगर्दा प्रतिवेदनले यथार्थ चित्रण गर्न सक्ने अवस्था नरहेमा उक्त विषयहरूलाई स्पष्ट रूपमा प्रतिवेदनमा खुलाउनु पर्दछ । | आन्तरिक लेखापरीक्षकले | सारभूतता निर्धारण गरी लेखापरीक्षण गर्ने, कैफियतको प्रतिवेदन गरी पारदर्शिता कायम गर्ने । | लेखापरीक्षण योजनको कार्यान्वयन र प्राप्त कैफियतको दस्तावेज र प्रतिवेदन गरेको कैफियतको जाँच गरी यकिन गर्ने । |
| ३.५ | आन्तरिक लेखापरीक्षकले प्रयोग गर्ने बिद्युतिय उपकरण ल्यापटप, कम्पुटर जस्ता साधनको उचित पासवर्डद्वारा सुरक्षित गरी अरूको पहुँचलाई निष्कृय गर्नुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | समय समयमा लगिन पासवर्ड परिवर्तन गर्ने, कार्यालय समय पश्चात् लग आउट गर्ने, पासवर्ड अरूलाई उपलब्ध नगराउने । | समितिले लेखापरीक्षकले प्रयोग गर्ने विद्युतीय साधनको पासवर्डद्वारा संरक्षण भए नभएको जाँच गर्ने । |
| ३.६ | आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणका क्रममा उपलब्ध भएका जानकारी तथा कागजातहरू आफ्नो परिवार, नातेदार र अरूको स्वार्थका लागि प्रयोग गर्नु हुदैन । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षणका क्रममा उपलब्ध जानकारी सूचनाको बहस घर परिवार तथा अन्य व्यक्तिमा नगर्ने । | लेखापरीक्षकको सम्बद्ध व्यक्ति र स्वार्थ बाझिने क्षेत्रको जाँच गर्ने । |

| क.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| ४ | **सक्षमता** | | | |
| ४.१ | आफ्नो पेशागत दक्षता, सेवाको प्रभावकारिता र गुणस्तरलाई निरन्तर अभिवृद्धि गर्न प्रयत्नशील रहनु पर्दछ । | आन्तरिक लेखापरीक्षक तथा अन्य कर्मचारीहरुले | स्थानीय तहमा लागू हुने ऐन, नियम, निर्देशिका, कार्यविधिका प्रावधान सम्बन्धी अद्यावधिक रहने । | लेखापरीक्षकको शैक्षिक योग्यता, पेशागत अनुभव र स्थानीयतहबाट गरिने गुणस्तर आस्वस्तताको मूल्याकनबाट लेखापरीक्षकले गरेका कार्य सम्बन्धमा देखिएको कैफियतको आधारमा समितिले अनुगमन गर्ने । |
| ४.२ | स्थानीय तहको बजेट, लेखा, लेखापरीक्षणका प्रचलित कानून, मानदण्ड, नीति, कार्यविधि तथा आन्तरिक नियन्त्रण प्रणालीबारे आन्तरिक लेखापरीक्षक अद्यावधिक हुनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | बजेट, लेखा, लेखापरीक्षणका प्रचलित कानून, मानदण्ड, नीति, कार्यविधि तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी श्रोत सामाग्री कागजात स्थाइ कागजातका रूपमा राख्ने, अध्ययन गर्ने, लेखापरीक्षण सम्बन्धी तालिम, गोष्ठीमा सहभागी जनाउने । | लेखापरीक्षकले जारी गरेको प्रतिवेदनमा अद्यावधिक कानूनी प्रावधान आधार लिए नलिएको जाँच गर्ने । |
| ४.३ | आन्तरिक लेखापरीक्षकले स्थानीय तहको कार्यसम्पादनसँग सम्बन्धित कानूनी व्यवस्था, सिद्धान्त तथा मानदण्डहरूको ज्ञान हासिल गरेको हुनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | निरन्तर अध्ययन गर्ने, आर्थिक प्रशासन, लेखापरीक्षण, लेखा क्षेत्रका तालिमहरूमा सहभागिता जनाउने । | लेखापरीक्षकले प्रतिवेदनमा आधार लिएका कानूनी व्यवस्था , प्रावधानहरूको जाँच गर्ने । |
| ४.४ | आन्तरिक लेखापरीक्षण कार्य कुशलतापूर्वक सम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप र व्यक्तिगत गुण समय सापेक्ष अद्यावधिक रूपमा कायम राख्नु पर्दछ जसको लागि स्थानीय तहका आन्तरिक | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षण सम्बन्धी कार्य गर्ने सरोकार कार्यालयमा समन्वय गर्ने, अन्तर स्थानीय तहका आन्तरिक लेखापरीक्षक बीच | लेखापरीक्षण कार्यको सुपरिवेक्षण तथा अनुगमन योजना बनाएको छ छैन र सो अनुसार कार्य गरेको छ छैन समितिले अनुगमन गर्नें |

| क्र.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| | लेखापरीक्षकले को.ले.नि.का का कर्मचारीहरू सँग, त्यस्तै अन्य स्थानीयतहका आन्तरिक लेखापरीक्षक सँग एक आपसमा अनुभवको आदान प्रदान गर्नुपर्दछ । | | लेखापरीक्षण सम्बन्धी समस्याको समाधान उपाय उपर छलफल तथा समाधान खोज्ने । | |
| ४.५ | लेखापरीक्षणमा प्रमाणको सङ्कलन, विश्लेषण, मूल्याङ्कन तथा लेखापरीक्षण सहितको प्रतिवेदन दिँदा पेशागत सतर्कता अपनाउनु पर्दछ | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षण योजना तयारी गरी लेखापरीक्षण गर्ने, प्रत्येक क्षेत्रगत लेखापरीक्षणको उदेश्य र विधि उल्लेख गर्ने । | लेखापरीक्षण योजना जाँच गर्ने । |
| **५** | **स्वतन्त्रता** | | | |
| ५.१ | आन्तरिक लेखापरीक्षण गरिने स्थानीय तह र सो सँग चासो राख्ने बाह्य समूहबाट आन्तरिक लेखापरीक्षक स्वतन्त्र रही वस्तुपरक ढङ्गले प्रस्तुत हुनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षण गरिने स्थानीय तह, कर्मचारी तथा पदाधिकारीको प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले वित्तीय स्वार्थ राखेर कुनै पनि आर्थिक लेनदेन नगर्ने । स्वतन्त्र रहेको स्व घोषणा गर्ने । | स्वाघोषणाा पत्रको जाँच गर्ने, लेखापरीक्षक उपर उजुरी गुनासो भए सो को समेत जाँच गर्ने । |
| ५.२ | आन्तरिक लेखापरीक्षकले कार्य सम्पादन गर्दा सरोकारवालाको दृष्टिमा निष्पक्ष भएको देखिने गरी गनुपर्दछ । साथै उसले सम्पादन गरेका हरेक कार्यका नतिजाहरू यथेष्ट तथा उचित प्रमाणबाट पुष्टी हुनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षकले कसैप्रति झुकावको व्यवहार नगर्ने , तथष्ट रही कार्य गर्ने । | वस्तुनिष्ठताको कागजात जाँच गर्ने, लेखापरीक्षण योजनाका आधारमा लेखापरीक्षण कार्य सम्पादन भए नभएको समेत जाँच गर्ने । |
| ५.३ | आन्तरिक लेखापरीक्षकले आफ्नो स्वतन्त्रतामाथी प्रश्न खडा हुन सक्ने अवस्थाको सिर्जना हुन नदिने तर्फ सचेत रहनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षकले लेखापरीक्षण मूल्य मान्यताको आत्मसाथ गरी व्यवहारमा बिथलिन नभई कार्यसम्पादन गर्ने । | स्वार्थ बाझिने कार्य भए नभएको जाँच गर्ने, लेखापरीक्षक उपर गुनासो उजुरीको समेत जानकारी लिने । |

| क्र.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| ५.४ | आन्तरिक लेखापरीक्षण गर्दा कुनै व्यक्ति, समूह, सङ्गठन वा कुनै खास कार्यत्रमको उद्देश्यका सम्बन्धमा पूर्वाग्रह हुन जाने खालका क्रियाकलापबाट आन्तरिक लेखापरीक्षकले तटस्थ रहनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | स्थानीय तहको निर्णयहरुमा उपस्थिति नजाउने, कर्मचारी छनोट, ठेक्का पट्टा मूल्यकन समिति लगायतका समितिमा सहभागी नहुने । | विभिन्न समितिमा लेखापरीक्षकको सहभागिता जाँच गर्ने । |
| ५.५ | आन्तरिक लेखापरीक्षण गरिने स्थानीयतहसँग प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा स्वार्थ गाँसिएको विषयले व्यावसायिक तथा पेशागत स्वतन्त्रतमा असर पर्नजाने हुँदा त्यस्तो कुनै पनि कार्यमा आन्तरिक लेखापरीक्षक संलग्न हुनुहुदैन । | आन्तरिक लेखापरीक्षकले | स्वार्थ बाझिने कार्यमा संलग्न नहुने । सम्बद्ध व्यक्तिसँग कारोबार उचित मूल्य भएको यकिन गर्ने र प्रतिवेदन मार्फत पारदर्शिता कायम गर्ने । | स्वार्थ बाझिने क्षेत्रको लेखापरीक्षकको जानकारी गरे बमोजिम परीक्षण गर्ने । |
| ५.६ | कुनै प्रकारको दबाव, पक्षपात, पूर्वाग्रह , मोलाहिजा नराखी निष्पक्ष रूपले आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गर्नुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षण कार्यलाई प्रभाव पार्ने गरी कुनै प्रकारको दबाव नआएको, आफूले पनि दबाव नदिएको र पक्षपात, पूर्वाग्रह, मोलाहिजा नराखी कार्य गर्ने र गरेको स्व घोषणा गर्ने । | स्व घोषणा गरे नगरेको र सो घोषणा सही रहेको विश्वास गर्न सकिने पर्याप्त प्रमाण रहे नरहेको समितिले अनुगमन गर्ने । |
| **६** | **व्यावसायिक आचारण** | | | |
| ६.१ | सरोकारवालाको दृष्टिमा आचरणमा प्रश्न नउठ्ने गरी आफ्नो व्यवहार, सीप र काम अभिव्यक्त गर्नुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | आन्तरिक लेखापरीक्षण आधार संहिताका साथै अन्य आकर्षित आचारसंहिताको अध्ययन गरी कार्यान्वयन गर्ने । | लेखापरीक्षकले कार्यालय तथा समाजमा गर्ने गतिविधिको निरीक्षण गर्ने । |
| ६.२ | लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोगीको रूपमा लेखापरीक्षण कार्यमा इमानदारिता, निष्पक्षता तथा मैत्रीपूर्ण सेवाभावको प्रदर्शन गर्नुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | आन्तरिक लेखापरीक्षण आधारसंहिताका साथै अन्य आकर्षित आचारसंहिताको | आचारसंहिताको ज्ञात सम्बन्धी स्व घोषणा जाँच गर्ने । लेखापरीक्षकको व्यवहार प्रतिको गुनासो रहे नरहेको जाँच गर्ने । |

| क्र.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| | | | अध्ययन गरी कार्यान्वयन गर्ने । | |
| ६.३ | पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सरकारी प्रतीक चिन्ह, छाप पासवर्ड विषयहरू सुरक्षित राखुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षक मातहतको श्रोत साधानको सुरक्षा कायम गर्ने , बाहिरी प्रवेश रोक्ने सुरक्षा विधि अपनाउने । | लेखापरीक्षकको प्रयोगकर्ता आइडी अरूले चलाए नचलाएको जाँच गर्ने, श्रोतको व्यवस्थापनको निगरानी गर्ने । |
| ६.४ | कुनैपनि तथ्य वा तथ्याङ्कलाई जानी बुझी गलत वा भ्रामक अर्थ दिने गरी व्याख्या, व्यक्त वा प्रयोग गर्नुहुँदैन । | आन्तरिक लेखापरीक्षकले | गरिने व्याख्या, प्रतिवेदनमा प्रष्टता हुनुपर्ने, जवाफदेहिता कायम गर्नुपर्ने । | लेखापरीक्षक राय, सुझाव भ्रामक, तथ्यहिन भए नभएको जाँच गर्ने, |
| ६.५ | आफूलाई व्यक्तिगत फाइदा पुर्याउने वा अरूलाई बदनाम गर्ने वा अनावश्यक रूपमा अरूको चरित्रहत्या गर्ने जस्ता कार्यमा संलग्न हुनु हुँदैन । | आन्तरिक लेखापरीक्षकले | कार्यालयमा सबै कर्मचारी तथा पदाधिकारी समक्ष समान व्यवहार गर्ने, कसैको प्रति अनावश्यक वकालत तथा देषपूर्ण ब्यवाहार नगर्ने । | समितिले लेखापरीक्षण विधि, सरोकारवालासंग समन्वय गरेर यस प्रकारको व्यवहार यकिन गर्ने । |
| ६.६ | कर्तव्य पालनाको सिलसिलामा आइ परेका समस्याहरूको समाधान हुन नसकेमा तत्कालै समितिको संयोजक समक्ष जानकारी गराउनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | समस्याको प्रस्टसँग उल्लेख गरी समितिलाई सम्बोधन गर्ने, त्यसको, समितिको निर्देशन लगायत कागजात संलग्न राख्ने । | प्राप्त निवेदन र जारी निर्देशन जाँच गर्ने । |
| ६.७ | लेखापरीक्षकले लेखापरीक्षण योजना अनुसार तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ । आफूलाई प्राप्त जिम्मेवारी अरूलाई पन्छाउन तथा आफुलाई नभएको अधिकार प्रयोग गर्नुहुँदैन । | आन्तरिक लेखापरीक्षकले | कार्य योजना र समयतालिका पूर्व निर्धारण गरी कार्यान्वयन गर्ने । जिम्मेवारी लेखापरीक्षण शाखाका कर्मचारी बाहेक अन्यलाई लेखापरीक्षण अधिकार उपलब्ध नगराउने र | अधिकार प्रत्यायोजनको जाँच गर्ने, जिम्मेवारी हस्तान्तरण तथा नियन्त्रण विधिको समेत जाँच गर्ने । |

| क्र.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| | | | लेखापरीक्षण सीमितता बारे प्रष्ट हुने । | |
| ६.८ | व्यावसायिक मूल्य मान्यताको अनुसरण गर्दै राजनीतिक रूपमा तटस्थ ढंगले लेखापरीक्षण कार्य सम्पन्न गर्नुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षकले स्वविवेकको प्रयोग गर्ने, राजनीतिक कृयाकलापमा सहभागी नजनाउने । | राजनीतिक तटस्थता सम्बन्धी स्व घोषणा लिने । |
| ६.९ | सामाजिक सञ्जालको प्रयोग मर्यादीत तरिकाले मात्र गर्नुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | सामाजिक संजालको प्रयोग गर्दा व्यवसायीक आचारमा सवाल उठ्ने विषयको उठान नगर्ने । | लेखापरीक्षकको समाजिक संजालका गतिविधिहरू जाँच गर्ने । |
| ६.१० | आन्तरिक लेखापरीक्षणको सम्बन्धमा सरोकारवाला निकायले जारी गरेका निर्देशिका, परिपत्रको परिपालना र सोही अनुसार आफ्नो कर्तव्यको परिपालनामा प्रतिबद्ध रहनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | सरोकारवाला निकायबाट जारी परिपत्रको अध्ययन गरी दस्तावेज गर्ने, सो को अनुपालनाको घोषणा गर्ने । | स्व घोषणाको जाँच गर्ने, अनुपालना स्थिति जनाउने कागजातको समेत जाँच गर्ने । |
| ६.११ | लेखापरीक्षण गरिने स्थानीय तहका प्रमुख वा आर्थिक प्रशासन शाखा प्रमुख वा दुबै जना नजिकको नातेदार रहेको र आफैले राखेको स्रेस्ता लेखापरीक्षण गर्नुपर्दा स्वतन्त्रता कायम गरी स्वतन्त्रताको स्वघोषणा समेत लेखा समितिलाई दिनुपर्दछ । | आन्तरिक लेखापरीक्षकले | लेखापरीक्षकको रूपमा कार्य गर्दा प्रशासन, लेखा तथा अन्य क्षेत्रको कार्य नगर्ने ।<br><br>लेखापरीक्षण शाखा कार्यपूर्व त्यस्तो शाखामा गरेको कामको वैकल्पिक तरिकाले लेखापरीक्षण गर्ने समितिलाई सोको जानकारी गर्ने । | स्वार्थ बाझिने क्षेत्र र स्वम पुनर्मूल्यनकन जोखिम रहेको क्षेत्रको समितिले निर्धारण गरेर अनुगमन गर्ने । |
| ६.१२ | स्थानीय तहका आन्तरिक लेखापरीक्षकले निजामती कर्मचारी तथा राष्ट्रसेवकहरुले पालना गर्नुपर्ने प्रचलित कानूनमा उल्लिखित आचरण तथा | आन्तरिक लेखापरीक्षकले | उक्त परिपालनको स्वघोषणा गर्ने, आवधिक रूपमा परिवर्तित व्यवस्थाको जानकारी लिने । | स्वघोषणा र सोही बमोजिमको परिपालना स्थिति समितिले जाँच गर्ने |

| क्र.सं. | पालना गर्नुपर्ने आचरण | जिम्मेवारी कर्मचारी | पालना गर्ने तरिका | पालनाको अनुगमन |
|---|---|---|---|---|
| | अनुशासन सम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ । | | | |

## अनुसूची २ स्वतन्त्र आन्तरिक लेखापरीक्षण कार्यमा उत्पन्न हुनसक्ने जोखिम

| क्र. सं | जोखिमका प्रकार | जोखिमको |
|---|---|---|
| १. | व्यक्तिगत स्वार्थको जोखिम (Self Interest Threat) | आन्तरिक लेखापरीक्षकले स्थानीय तहमा लेखापरीक्षण गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वित्तीय वा अन्य स्वार्थ बाझिने अवस्थामा यस प्रकारको जोखिम रहने गर्दछ, जसले गर्दा आन्तरिक लेखापरीक्षकको स्वतन्त्रमा प्रश्न उठ्न सम्भावना रहन्छ । |
| २. | स्व पुनरावलोकन जोखिम (Self-Review Threat) | लेखापरीक्षकले आफूले गरेको कार्य वा अन्य लेखापरीक्षक टोलीले गरेको कार्यको स्वयम् समीक्षा वा पुनरावलोकन गर्दा लेखापरीक्षण कार्यको स्वतन्त्रता कायम नहुने जोखिम रहन्छ । |
| ३. | नजिकको नाता र चिनजानबाट हुने जोखिम (Familiarity Threat) | स्थानीय तहका आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण गर्दा कुनै कर्मचारी वा पदाधिकारी प्रति नजिकको नाता वा लामो समयदेखिका चिनजान भएकै कारण लेखापरीक्षण कार्यमा उक्त कर्मचारी तथा पदाधिकारीको स्वार्थमा सहानुभूति प्रकट गर्ने, निर्वाह गरिएको कार्यको सहजै स्वीकार गर्ने जोखिम रहन्छ । यसले लेखापरीक्षकको वस्तुनिष्ठता कायममा आँच आउने र लेखापरीक्षण कार्यको स्वतन्त्रता माथि प्रश्न उठ्न सक्ने हुन्छ । |
| ४. | वकालतको जोखिम (Advocacy Threat) | आन्तरिक लेखापरीक्षकले आफ्नो वस्तुनिष्ठता माथि सम्झौता हुने गरी स्थानीय तहका कर्मचारी तथा पदाधिकारीहरूको प्रवर्द्धन तथा वकालत गर्ने कार्य गरेमा यस्तो जोखिम रहने गर्दछ । |
| ५. | अनावश्यक दबाबको जोखिम (Intimidation Threat) | स्थानीय तहमा कार्यरत आन्तरिक लेखापरीक्षकले राजनीतिक तथा अनावश्यक दबावको सामना गर्नुपर्ने हुन्छ । यसले लेखापरीक्षण कार्यको निष्ठा, कार्य क्षमता, वस्तुनिष्ठता, विश्वसनीयता उपर प्रश्न उब्जने जोखिम रहने गर्दछ । आन्तरिक लेखापरीक्षकले अनावश्यक त्रास, दबाव वा राजनीतिक हस्तक्षेप भएको खण्डमा स्वतन्त्र लेखापरीक्षकको वस्तुनिष्ठतामा सम्झौता गर्नुहुँदैन । |

## अनुसूची ३ आचारसंहिताको घोषणापत्र

आन्तरिक लेखापरीक्षकको आचारसंहितको घोषणा

अनुगमन समिति

...............पालिका

...............प्रदेश

................पालिकाको आर्थिक वर्ष ....................को आन्तरिक लेखापरीक्षणका लागि, म यो घोषणा गर्दछु कि

१. लेखापरीक्षण गरिने ..............पालिकासँग म र मेरो परिवारका निकटतम सदस्यको कुनै वित्तीय स्वार्थ रहेको छैन ।

२. लेखापरीक्षण गरिने ................पालिका र यसका प्रमुख, अधिकृत र कर्मचारीहरूसँग मेरो कुनै व्यावसायिक सम्बन्ध रहेको छैन ।

३. लेखापरीक्षण गरिने .............पालिका, पदाधिकारी, कर्मचारी, सेवाग्राही, निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदाताहरूबाट मैले कुनै सुविधा वा उपहार वा चन्दा लिएको वा लिने छैन ।

४. म पछिल्ला दुई आर्थिक वर्षभित्र लेखापरीक्षण ..................पालिकाको अधिकृत, कर्मचारी वा पदाधिकारीका रूपमा कार्यरत रहेको छैन ।

६. लेखापरीक्षणको स्वतन्त्रतामा आँच आउने गरी लेखापरीक्षण गरिने स्थानीय तहको कुनै अधिकृत र अन्य कर्मचारीसँग मेरो कुनै किसिमको सम्बन्ध छैन ।

७. पेशागत सतर्कताको पालना एवं क्षमताको पूर्ण सदुपयोग गरी पेशागत मान्यता, निष्पक्षता र तटस्थताका साथ लेखापरीक्षण सम्पन्न गर्नेछु ।

८. लेखापरीक्षणको प्रक्रिया र लेखापरीक्षणका क्रममा प्राप्त भएका सूचनाहरू तेस्रो पक्षलाई जानकारी गराउने छैन ।

९. अन्य...................

लेखापरीक्षकको नामः

मिति

## अनुसूची ४ स्वार्थ सम्बन्धी स्वघोषणा

क) के तपाइको वा तपाईको पारिवारिक सदस्यको यस स्थानीय तहमा वित्तीय स्वार्थ वा अन्य स्वार्थ जोडिएको छ ?

छ | छैन

यदी छ भने के कस्तो स्वार्थ रहेको छ खुलाउनुहोस् ।

ख) के लेखापरीक्षण कार्य निर्वाह गर्दा कार्यको स्वतन्त्रता र वस्तुनिष्ठता माथि प्रभाव पार्ने विषय, कारोबार रहेको छ ?

छ | छैन

यदी छ भने के कस्तो के कस्तो अवस्था तथा विषय रहेको खुलाउनुहोस् ।

ग) के तपाइले लेखापरीक्षक शाखामा कार्यरत पूर्व यस स्थानीय तहको लेखा, प्रशासन तथा अन्य शाखामा कार्यरत हुनुहुन्थ्यो ?

छ | छैन

यदी छ भने गरिएको कार्य तथा अवधि खुलाउनुहोस्

घ) के तपाइले लेखापरीक्षक शाखा बाहेक अन्य शाखाको काम कारबाही गर्दै आउनुभएको छ ?

छ | छैन

यदी छ भने गरिएको कार्य खुलाउनुहोस् ।

ङ) तपाइले लेखापरीक्षण कार्य गर्दा वस्तुनिष्ठता तथा स्वतन्त्रतामा सम्झौता गर्नुपर्ने कारोबार, चिनजानको नाता, पारिवारिक सम्बन्ध लगायत अन्य विषयहरू रहेका छन्?

माथि उल्लेख गरेको व्यहोरा ठीक साँचो हो । यस बाहेक अन्य कुनै पनि स्वार्थ बाझिने विषयवस्तुमा मेरो संलग्नता नभएको र यदी झूटो ठहरिएको खण्डमा कानून बमोजिम हुने दण्ड, सजाय सहुँला भोगौला भनी यो घोषणा मेरो पूर्ण सचेतनमा कुनै पनि प्रभाव दबावमा नपरी गरेको छु ।

लेखापरीक्षकको नामः

मितिः

## अनुसूची ५ गोपनीयताको स्वघोषणा

**गोपनीयताको स्वघोषणा**

म ................पालिकाको आन्तरिक लेखापरीक्षक श्री .................................ले निम्न बमोजिम गोपनीयताको घोषणा गर्दछु ।

क) म आचारसंहिताको आधारभूत सिद्धान्तको जानकारी राख्दछु र यसको प्रावधानको परिपालना पूर्वरूपले गर्नेछु ।

ख) लेखापरीक्षणका क्रममा उपलब्ध जानकारी तथा कागजातको पूर्वरूपले गोपनीयता कायम गर्नेछु ।

ग) कानूनी परिपालना वा व्यवस्था बाहेक प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्राप्त जानकारी तथा कागजात कोही कसैलाई खुलासा गर्ने छैन ।

ङ) लेखापरीक्षण कार्यको विधि लगायत विषय बस्तु लेखापरीक्षण कार्यमा संलग्न सदस्य बाहेक अन्यसँग खुलासा गर्ने छैन ।

च) उपलब्ध जानकारी तथा कागजात लेखापरीक्षण टोली बाहेकका अन्य सँग छलफल गर्ने छैन साथै स्थानीय तहको अहितमा हुने गरी प्रयोग गर्ने छैन ।

छ) लेखापरीक्षण कार्य समापन पश्चात् पनि उपलब्ध जानकारी तथा कागजातको गोपनीयता कायम गर्नुपर्ने मेरो जिम्मेवारी रहेको प्रति प्रतिबद्धता जनाउँछु ।

ज) आवश्यकता अनुसार थप......................

झ) ..............................

लेखापरीक्षकको नामः

मितिः

गाउँ कार्यपालिका पारित मितिः २०८१।०७।०७
प्रमाणिकरण मिति २०८१।०७।०७

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत